सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५(३) तथा नियमावलीको नियम ३ बमोजिम प्रकाशन गरिएको त्रैमासिक विवरण

# कार्यालय आन्तरिक राजस्व कार्यालय

# कावासोती

आर्थिक वर्ष २०८१.८२

## अवधिः २०८१ चैत्र महिनासम्मको त्रैमासिक विवरण

**परिचय :**

आन्तरिक राजस्व कार्यालय, कावासोती नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।०९।२१ को निर्णयानुसार साविक करदाता सेवा कार्यालयबाट आन्तरिक राजस्व कार्यालयका रुपमा स्तरोन्नती भइ सञ्चालनमा आएको हो ।यस कार्यालयको कार्यक्षेत्र अन्तरगत नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्लाभित्रका सबै क्षेत्रहरु पर्दछन् ।यस जिल्लामा गैडाकोट नगरपालिका, देवचुली नगरपालिका, कावासोती नगरपालिका र मध्यबिन्दु नगरपालिका गरी चार वटा नगरपालिकाहरु रहेका छन् भने गाउँपालिकाहरुमा बौदीकाली गाउँपालिका, बुलिङ्गटार गाउँपालिका, बिनयी त्रिवेणी गाउँपालिका र हुप्सेकोट गाउपालिकाहरु रहेका छन् । यस जिल्ला अन्तरगत रहेका प्रमुख व्यवसायिक एवम् व्यापारिक क्षेत्रहरुमा गैडाकोट बजार, भेडावारी, अमरापुरी, रजहर, केउरेनी, दलदले, प्रगतिनगर, कावासोती, डण्डा, झ्यालबास, चोरमारा, अरुणखोला, दुम्कीबास, सर्दी, त्रिवेणी, डेढगाउँ, बुलिङ्गटार आदि रहेका छन् ।

**<u>काम कर्तव्य र अधिकार</u>**

- करदाता सेवा
- कर संकलन
- कर परिक्षण र अनुसन्धान
- अन्तशुल्क सम्बन्धि कार्य

**कर्मचारी दरवन्दी विवरण**

| पद | जम्मा दरबन्दी संख्या | हाल कार्यरत | रिक्त दरबन्दी |
|---|---|---|---|
| प्रमुख कर अधिकृत | १ | १ | ० |
| कर अधिकृत | ७ | ५ | २ |
| कम्प्युटर अधिकृत | १ | ० | १ |
| ना.सू | ७ | ७ | ० |
| लेखापाल | १ | १ | ० |
| कम्प्युटर अपरेटर | २ | २ | ० |
| हल्का सवारी चालक | १ | १ | ० |
| कार्यालय सहयोगी | २ | २ | ० |

**सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि** : नागरिक बडापत्रमा तोकिए बमोजिम हुनेछ ।

**निर्णय गर्ने प्रकिया र अधिकारी** : शाखागत रुपमा गरिनुपर्ने कार्य कार्यालय प्रमुखबाट निर्णय गराई कार्य सम्पादन हुने गरेको छ ।

**राजस्व संकलनको अवस्था :**

## आर्थिक वर्ष २०८१/८२ चैत्रसम्मको राजस्व संकलन अवस्था

| शीर्षक | आ. व. २०८१।०८२ रु. हजारमा | | |
|---|---|---|---|
| | लक्ष्य | असुली | प्रगति प्रतिशत |
| आयकर | ६४५०१० | ४५७४८३ | ७०।९३ |
| बहाल कर | २१५०२ | ५५६२ | २५।८७ |
| ब्याज कर | ६२८९६ | ५५७८८ | ८८।७ |
| मूअकर(आन्तरिक) | ३०७५०२ | २८७३९५ | ९३।४६ |
| अन्त:शुल्क | २२०३६२९२ | २०६८६२६६ | ९३।८७ |
| स्वास्थ्य सेवा कर | ४१६७३ | १८९९६ | ४५।५८ |
| **जम्मा** | **२३११४८७४** | **२१५११४९०** | **९३।०६** |

**निर्णय उपर उजुरी सुन्ने अधिकारी :** राम बहादुर कार्की

प्रमुख कर अधिकृत

मोबाइल नं ९८५७०८८५०२

**सूचना अधिकारी** : सरोज कुमार ढकाल

कर अधिकृत

मोबाइल नं ९८५७०८८५०१

**कार्यालयको सम्पर्क नं** : टेलिफोन नं ०७८५४०५०१

Email: iro-kawasoti@ird.gov.np

**कार्यालयमा सेवाग्राहीको अवस्था :**

| करदाताको विवरण | संख्या |
|---|---|
| ब्यक्तिगत स्थायी लेखा नम्बर दर्ता संख्या | ४४९८४ |
| स्थायी लेखा नम्बर दर्ता संख्या | २६९४२ |
| मूल्य अधिवृद्धि करमा दर्ता | २८३५ |
| अन्तशुल्क इजाजत संख्या | १८८१ |
| विथहोल्डर स्थायी लेखा नम्बर | ४०८ |